## बैठक संख्या -१ (एक)

आज मिति २०८२ साल श्रावण २२ गतेका दिन रामेछाप नगरपालिकाका प्रमुख श्री लवश्री न्यौपानेज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा देहायको विषयहरुमा छलफल गर्ने सन्दर्भमा नगर कार्यपालिकाको बैठक बस्यो ।

तपसिल

| | | |
|---|---|---|
| १ | नगरपालिका प्रमुख श्री लवश्री न्यौपाने<br>रामेछाप नगरपालिका रामेछाप | अध्यक्ष |
| २ | नगरपालिका उप-प्रमुख श्री वाल कुमारी कार्की थापा<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ३ | का.वा.वडा अध्यक्ष वडा नं.१ श्री सन्जित कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ४ | का.वा.वडा अध्यक्ष वडा नं. २ श्री टिका वहादुर बस्नेत<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ५ | वडा अध्यक्ष वडा नं.३ श्री दल बहादुर प्रधान<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ६ | वडा अध्यक्ष वडा नं. ४ श्री कृपा थापा मगर<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ७ | वडा अध्यक्ष वडा नं. ५ श्री हरिश्चन्द्र श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ८ | वडा अध्यक्ष वडा नं. ६ श्री राजेश तामाङ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ९ | वडा अध्यक्ष वडा नं. ७ श्री समिर कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १० | वडा अध्यक्ष वडा नं.८ श्री सन्तोष कुमार तामाङ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ११ | वडा अध्यक्ष वडा नं.९ श्री चन्द्र वहादुर श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १२ | कार्यपालिका सदस्य श्री रुकुम हायू<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १३ | कार्यपालिका सदस्य श्री राम बहादुर माझी<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १४ | कार्यपालिका सदस्य श्री रमेश कामी<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |

Scanned with CamScanner

| | | |
|---|---|---|
| १५ | कार्यपालिका सदस्य श्री यम कुमारी मगर<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १६ | कार्यपालिका सदस्य श्री शर्मिला वि.क.<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १७ | कार्यपालिका सदस्य श्री शान्ती तामाङ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १८ | कार्यपालिका सदस्य श्री लक्ष्मी नेपाली<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १९ | कार्यपालिका सदस्य श्री सविना मोक्तान<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| २० | प्रमुख प्रशासकीय अधिकृत श्री गंगालाल सुवेदी<br>रामेछाप नगर कार्यपालिकाको कार्यालय रामेछाप | सदस्य सचिव |

छलफलका विषयहरु:

१. अघिल्लो कार्यपालिका बैठकको निर्णयको समीक्षा सम्वन्धमा ।
२. चालु आ.व. मा स्वीकृत योजनाहरुको लागि उपभोक्ता समिति गठनको समयसीमा सम्वन्धमा ।
३. करदाता सेवा कार्यालयबाट सम्पादन हुदै आएका सेवाहरु स्थानीय तह मार्फत प्रवाह गर्ने सम्वन्धमा।
४. संघीय समपुरक अनुदान अन्तर्गत देउराली-गोठगाँउ-साँघुटार सडक योजनाको निर्माण कार्यका सम्वन्धमा ।
५. संघ तथा प्रदेशवाट प्राप्त पूर्वाधार सम्वन्धी योजना सम्वन्धमा ।
६. विविध ।

(लवश्री न्यौपाने)
प्रमुख

लवश्री न्यौपाने
नगर प्रमुख

**निर्णय नं.१**

अघिल्लो नगर कार्यपालिकाको बैठकबाट पारित भएका निर्णयहरुको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो। निर्णय कार्यान्वयनको अवस्था समग्रमा सन्तोषजनक रहेको पाईयो।

**निर्णय नं. २**

रामेछाप नगरपालिकाको चालु आर्थिक वर्ष २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजना र कार्यक्रमहरुको कार्यान्वयनका लागि सवै वडा कार्यालयहरुले यहि मिति २०८३ साल असोज १५ गते भित्र रामेछाप नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७५ बमोजिम आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने उपभोक्ताहरुको आम भेलाबाट उपभोक्ता समिति गठन गरी आयोजनाको सम्झौताको लागि रामेछाप नगरपालिकामा पठाउने, तोकिएको समयसीमा भित्र उपभोक्ता समिति गठन हुन नसकेमा उक्त योजनामा विनियोजित वजेट अन्य योजनामा खर्च गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

आन्तरिक राजश्व कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकको प.सं.०८३/०८४, च.नं. १५६, मिति २०८३/०४/११ गतेको करदाता सेवा कार्यालयहरुबाट सम्पादन हुदै आएका सेवाहरु स्थानीय तहबाट प्रवाह गर्ने सम्वन्धी बेहोराको पत्र बैठक समक्ष प्रस्तुत भई छलफल गरियो।

**निर्णय नं. ४**

चालु आर्थिक वर्ष २०८३/०८४ को संघीय समपुरक अनुदान अन्तर्गत देउराली-गोठगाउँ-साँघुटार सडककालागि लागत अनुमान तयार गर्दा देउराली देखि गोठगाउँ हुदै साँघुटार सम्म नै नाला तथा सववेश निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

रामेछाप नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को बार्षिक प्रगति समीक्षा मिति २०८३ साल भाद्र ०८ गते सोमवार विहान १०:०० बजे देखि रामेछाप नगरपालिकाको सभाहलमा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

रामेछाप नगर कार्यपालिकाको मिति २०८२/०९/२५ गतेको निर्णयानुसार नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको आवास प्रयोजनको लागि गरिएको घरवहाल सम्झौताको अवधि २०८३ साल आषाढ मसान्तबाट समाप्त भएकोले घरभाडा रकम साविक बमोजिमकै यथावत रहने गरी २०८३ श्रावण १ गते देखि २०८४ आषाढ मसान्त सम्मका लागि घरबहाल सम्झौता नवीकरण गर्ने निर्णय गरियो।

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८४ को उपदफा २(ज) तथा रामेछाप नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण कार्यविधि,२०७४ को नियम ५ को उपनियम(१) बमोजिम प्रमाणित गरिएको ।

.............................
गंगालाल सुवेदी
प्रमखु प्रशासकीय अधिकृत
**गंगालाल सुवेदी**
**प्रमुख प्रशासकीय अधिकृत**

.............................
लवश्री न्यौपाने
प्रमुख
**लवश्री न्यौपाने**
**नगर प्रमुख**

Scanned with CamScanner